## अनुसूची ९ (नियम ७.१ (ग) संग सम्बन्धित )

**स्थानीय तह र बैंक/वितिय संस्थाबीच हुने सम्झौता पत्रको नमुना**

सबै सामाजिक सुरक्षा भत्ता बैंक खाता मार्फत उपलब्ध गराउने नेपाल सरकारको नीति बमोजिम नलगाड नगरपालिकाको कार्यालय दल्ली, जाजरकोट ( यस पछि नगरपालिका भनिने ) र श्री एन आई शि एशिया बैंक लि. शाखा कार्यालय दल्ली, जाजरकोट ( यस पछि बैंक भनिने ) बीच सामाजिक सुरक्षा भत्ता बैंकिङ् प्रणाली मार्फत वितरण गर्ने प्रयोजनको लागि निम्न शर्तहरुको अधीनमा रही सम्झौता पत्रमा हस्ताक्षर गरी लियौं र दियौं ।

१. नगरपालिकाले सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको नाम, नागरिकता प्रमाणपत्र नं. , सामाजिक सुरक्षा भत्ता परिचय पत्र नं ( एम आइ एस बाट आउने १३ अङ्कको सामाजिक सुरक्षा परिचय पत्र नं, ठेगाना, निजले चौमासिक पाउने रकम समेतको पूर्ण विवरण MIS प्रणालीमा आधारित विद्धुतीय माध्यामबाट (Forward Feed) बैंकलाई उपलब्ध गराउनेछ ।

२. बैंकले नगरपालिकाबाट प्राप्त विवरण बमोजिम लाभग्राहीको नाममा शुन्य मौज्दातमा सामाजिक सुरक्षा बचत खाता खोल्नेछ । यसरी खाता खोल्दा लाभग्राहीको सुरक्षा भत्ता कारोवारको विवरण देखिने सक्ने गरी १३ अङ्कको सामाजिक सुरक्षा परिचयपत्र नम्बर बैंक तथा वितिय संस्थाको मुख्य कारोबार गर्ने प्रणालीमा अनिवार्य सेभ गर्ने व्यवस्था गर्नु पर्नेछ ।

३. पाँच वर्ष मुनिका बालबालिकाको हकमा आम वा संरक्षकबाट खाता सञ्चालन हुने गरी बचत खाता खोलिदिने र आमा वा संरक्षकको दस्तखतबाट खाता सञ्चालन गर्नेछ ।

४. बैंकले लाभग्राहीको खाता खोलिसकेपछि लाभग्राहीको नाम र खाता नं. सहितको विवरण विद्धुतीय माध्यमबाट नगरपालिकालाई उपलब्ध गराउनेछ ।

५. नगरपालिकाले प्रत्येक लाभग्राहीको विवरण Forward Feed मार्फत नाम, लक्षित समूह र पाउने रकम खुलाई एकमुष्ट रकमको चेक हरेक चौमासिकमा बैंकलाई उपलब्ध गराउनेछ ।

६. नगरपालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण (Reverse Feed) सहित बाँकी रकम भए सो समेत नगरपालिकालाई उपलब्ध गराउनेछ ।

७. तथ्याङ्क आदान प्रदान गर्दा सुरक्षित API, Forward Feed /Reverse Feed जस्ता विद्धुतीय माध्यामबाट मात्र उपलब्ध गराउनेछ ।

८. कुनै लाभग्राहीको लगत कट्टा भएमा लगत कट्टा भएको मिति र पाउने रकम समेतको जानकारी नगरपालिकाले तत्काल प्रणाली मार्फत बैंकलाई उपलब्ध गराउने छ । सो जानकारी प्राप्त भएपछि बैंकले लगत कट्टा भएको लाभग्राहीको खातामा उक्त मिति पछिको रकम जम्मा नगरी नगरपालिकामा फिर्ता पठाउनेछ ।

९. बैंकले निष्कृय (Dormant) खाताको विवरण प्रत्येक श्रावण र माघ महिना भित्र नगरपालिकालाई दिनुपर्नेछ ।

१०. बैंकले प्रत्येक चौमासिकमा प्रत्येक खातावालको उक्त खाताको कारोवार झल्कने प्रतिबेदन नगरपालिकालाई दिनेछ । उक्त खातामा जम्मा रहेको रकम मध्य केही रकम रोक्का राख्न वा फिर्ता गर्न नगरपालिकाबाट लेखी आएको बैंकले सोही बोमोजिम रोक्का वा फिर्ता गर्नेछ ।

११. ९० वर्ष वा सो भन्दा बढी उमेरका जेष्ठ नागरिक र रातो कार्ड (क बर्गको) प्राप्त गरेका पूर्ण अपाङ्गता भएका लाभग्राही, अति असक्तता भएको प्रमाणित भएका लाभग्राहीहरुको हकमा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा

NIC ASIA
BANK LTD.
DALLIBAZAR BRANCH

बैंक र नगरपालिको समन्वयमा सेवा ग्राहीको घर दैलोबाट सामाजिक सुरक्षा भत्ता वितरण व्यवस्था मिलाई बैंक तथा वितीय संस्था मार्फत हिसाव मिलान गरिनेछ ।

१२. दुबै पक्षको सहमतिबाट लाभग्राहीहरुलाई सहज ढङ्गबाट रकम उपलब्ध गराउन थप प्रयासहरु गरिनेछ ।

१३. यो सम्झौता कम्तिमा दुई आर्थिक वर्षको लागि लागु हुनेछ । यो सम्झौताको समयावधि आपसी समझदारीमा थप गर्न सकिनेछ ।

१४. यस सम्झौतामा लेखिएका कुराहरु सोही बमोजिम र अन्यमा प्रचलित कानुन बमोजिम हुनेछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत 2076/01/04

नगरपालिकाको तर्फबाट

नगर कार्यपालिकाको कार्यालय दल्ली, जाजरकोट कर्णाली प्रदेश, नेपाल २०७३

NIC ASIA BANK LTD. DALLIBAZAR BRANCH

18-01-2019

बैंक तथा वितिय संस्थाको तर्फबाट

साँक्षी

टेक बहादुर रावल

नगर प्रमुख

साँक्षी

रामेन्द्र प्रसाद पन्त

ई.एम.